


# सिमान्तकृत मानिसहरुको सशक्तीकरणमा सामाजिक परिवार

| अंक - १२ | आश्विन २०६७ | पेज १ |
|---|---|---|

समग्र बुलेटिन


**तपाई तथा तपाईको परिवारमा सुख, शान्ति र सम्मृद्धि आओस्**
**र पूरै नेपालमा दिगो शान्ति छाओस्,**
**यही नै २०६७ सालको**
**विजयादशमी, दीपावली तथा छठ पर्वको**
**हार्दिक मङ्गलमय शुभकामना !!!**





अध्यक्ष तथा
समग्र विकास सेवा केन्द्र परिवार

## सामाजिक लेखाजोखा कार्यक्रम

पारदर्शिता तथा जबाफदेहिता सुनिश्चित गर्न समग्रले आफ्नो कार्यक्रम सञ्चालित जिल्लाहरूमा हरेक वर्ष सामाजिक लेखाजोखा कार्यक्रम गर्दै आएको छ । यसै क्रममा हालै धादिङ, गोरखा, लमजुङ, सप्तरी र उदयपुर गरी पाँचवटा जिल्लाहरूमा सामाजिक लेखाजोखा कार्यक्रमहरू सम्पन्न भएका छन् ।

आश्विन १३ गते राजविराजमा सञ्चालन भएको सप्तरी जिल्लास्तरीय सामाजिक लेखाजोखा कार्यक्रमको प्रमुख आतिथ्य प्रमुख जिल्ला अधिकारी रामप्रसाद घिमिरे तथा सभाको अध्यक्षतामा जिल्ला सामाजिक परिवार सप्तरीका अध्यक्ष पतिराम सदाले गर्नुभएको थियो । सो कार्यक्रममा भंगहा, मोहनपुर, रामपुर जमुवा, वसवलपुर, पत्थरगाडा, मल्हन्मा, मलहनिया, पर्टेवा, टिकुलिया, लोहजरा, डिमन, गोइठी, त्रिकौल, पिप्रा पश्चिम, हर्दिया, दौलतपुर गाविसहरूका सामाजिक परिवारका प्रतिनिधिहरू, पशु विकास कार्यालयका प्रमुख डा. काशीनाथ यादव, भूमिसुधार कार्यालयका प्रमुख सर्स्युलाल दास, महिला विकास कार्यालयका अनिता चौधरी, जिल्ला घरेलु विकासका रघुवर शाह, दलित गैससका वौवालाल शर्मा, स्थानीय पत्रकारहरू गरी १ सयभन्दा बढीको सहभागिता थियो । वरिष्ठ उत्प्रेरक रामप्रसाद चौधरीले सञ्चालन गर्नुभएको त्यस कार्यक्रममा क्षेत्रीय संयोजक दुर्गाप्रसाद



महतोले समग्रले विगत आवमा सञ्चालन गरेको तथा चालू आवमा सञ्चालन हुने कार्यक्रम गतिविधिहरूको बजेटसहितको विवरण प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रमका वक्ताहरूले प्रस्तुत विवरण छोटो भएको र कतिपय तथ्यङ्कहरू अस्पष्ट रहेकोले त्यसलाई सुधार गर्न सकिएमा थप स्पष्ट हुने प्रतिक्रिया व्यक्त गर्दै संस्थाको प्रगतिको कामना गरेका थिए । सबैलाई धन्यवाद दिनुहुँदै कार्यकारी निर्देशक डोरनाथ न्यौपानेले सबैको हातेमालोबाट विकास सम्भव भएको र



सहभागीबाट प्राप्त सुझावहरूलाई आउँदा दिनमा कार्यान्वयन गर्दै लगिने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

त्यसै गरी आश्विन १४ गते गाईघाट, उदयपुरमा समग्रका साधारण सदस्य दुर्गावहादुर सार्कीको



अध्यक्षता र  प्रमुख जिल्ला अधिकारी वसन्तकुमार उपाध्यायको प्रमुख आतिथ्यमा सञ्चालित सामाजिक लेखाजोखा कार्यक्रममा स्थानीय विकास अधिकारी मोहननाथ मास्के, दलित नेटवर्कका बलदेव विक, मधेसी जनअधिकार फोरम लोकतान्त्रिकका उपाध्यक्ष मोहरवक्स अलि, कृषि विकास कार्यालयका सत्यदेव मण्डल, पशुविकास कार्यालयका देवनारायण सिंह, हरण्डेकका विद्यादेवी राउत आदि सहभागी हुनुहुन्थ्यो । प्राथमिक सरोकारवालाहरूका तर्फका सहभागीहरूमा रिस्कु, त्रिवेणी, जोगीदह, हडिया, सुन्दरपुर, बसाहा, भलायाडाँडा तथा त्रियुगा नगरपालिकाका गरी २६ वटा सामाजिक परिवारका प्रतिनिधिहरू उपस्थित थिए । कार्यक्रममा वक्ताहरूले कार्यक्रम जिल्ला विकास समितिबाट अनुमोदन गरी सञ्चालन गर्नुपर्ने सुझाव दिएका थिए ।

त्यस्तै पहाडतर्फ धादिङ्बेसीमा आश्विन १३ गते भएको सामाजिक लेखाजोखा कार्यक्रममा १२ वटा सामाजिक परिवारका प्रतिनिधिहरू तथा २२ वटा सरकारी तथा गैरसरकारी संस्था, राजनीतिक पार्टी र सञ्चारमाध्यमका प्रतिनिधिहरू गरी ५७ जनाको उपस्थिति थियो । उक्त कार्यक्रममा समग्रको सामान्य जानकारी तथा समग्रद्वारा आव २०६६/६७ मा धादिङ् जिल्लामा सम्पन्न र आव २०६७/६८ मा सञ्चालन हुने कार्यक्रम क्रियाकलापहरूका बजेटसहितको विवरण प्रस्तुत गरी त्यसमा खुला छलफल गरिएको थियो र उठेका जिज्ञासाहरूको उत्तर दिइएको थियो ।

आश्विन १४ गते गोरखाबजारमा प्रमुख जिल्ला अधिकारी कमलमणि काफ्लेको प्रमुख आतिथ्य तथा जिल्ला सा.प.का अध्यक्ष पूर्णबहादुर थापामगरको अध्यक्षतामा सञ्चालित कार्यक्रममा समग्रका कार्यक्रम व्यवस्थापकले समग्रको सामान्य जानकारी तथा समग्रद्वारा गतवर्ष गोरखा जिल्लामा सम्पन्न र चालू वर्षमा सञ्चालन हुने कार्यक्रम क्रियाकलापहरूका बजेटसहितको विवरण प्रस्तुत गरी त्यसमा खुला छलफल गरिएको थियो । कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित हुने त्यहाँ उपस्थित सामाजिक परिवारका प्रतिनिधिहरूले कार्यक्रमको सकारात्मक प्रभावका बारेमा बोलेका थिए भने अन्य सहभागीहरूले आफ्ना जिज्ञासा र प्रतिक्रियाहरू व्यक्त गरेका थिए ।

आफ्नो मन्तव्यको क्रममा प्रमुख अतिथि श्री काफ्लेले भन्नुभयो, सामाजिक लेखाजोखा कार्यक्रम भन्नुभएको छ, कति लेखाजोखा भयो भएन, त्यो त आफ्नै ठाउँमा छ, तर हामीलाई जानकारी भयो । यहाँहरू (सामाजिक परिवारका प्रतिनिधिहरू) लाई समग्रले अगाडि बढाएको रहेछ भन्ने जानकारी भयो । पूर्ववक्ता महिलाहरूले बोल्नुभयो त्यसबाट उहाँहरू सशक्त हुनुभएको रहेछ भन्ने प्रस्ट भयो । महिलाहरूको बढी उपस्थित देख्दा महिलाहरूको मात्र कार्यक्रम हो कि क्या हो भन्ने कुरा पनि यहाँ उठ्यो । तर महिला-पुरुष दुवै समग्ररूपमा अघि बढेका रहेछन् । भाषण गर्न जानेर मात्र त हुँदैन तर त्यसबाट कहाँ गएर के खोज्ने भन्न पनि सक्नुपर्छ । आत्म निर्भर हुनुहोस् । यही माध्यमबाट समाज रूपान्तरण गर्न सक्नुहोस्, यहाँहरूलाई मेरो शुभकामना तथा बधाई छ । गोरखा जिल्लाका पशु, कृषि, घरेलु, शिक्षा, जनस्वास्थ्यलगायतका सरकारी कार्यालय प्रमुखहरूले आफ्नो कार्यालयले दिने सेवाको बारेमा जानकारी दिँदै सम्पर्क राख्न त्यहाँ सहभागी सा.प. प्रतिनिधिहरूलाई आव्हान गर्नुभयो भने विभिन्न

गैरसरकारी संस्थाहरूका प्रतिनिधिहरूले शुभकामना व्यक्त गर्नुका साथै गैसस महासंघ गोरखाका अध्यक्षले कार्यक्रमपूर्व समग्रले आफ्ना कार्यक्रमको विवरण/तथ्याङ्कहरू सहभागीहरूलाई बाँडेर अध्ययन गर्न दिई पारदर्शिता कायम गरेकामा प्रशन्नता व्यक्त गर्नुभयो ।



त्यसै गरी लमजुङ्को बेसी शहरमा आश्विन १५ गते निमित्त प्रमुख जिल्ला अधिकारी बाबुराम लामिछानेको प्रमुख आतिथ्य तथा शेरा सा.प. का अध्यक्ष रणबहादुर सुयलको अध्यक्ष्यतामा सञ्चालित सामाजिक लेखाजोखा कार्यक्रमको सहजीकरण नेपाल पत्रकार महासंघ लमजुङ्का अध्यक्ष किसान संगीतले गर्नुभएको थियो । आफ्नो मन्तव्यको क्रममा प्रमुख अतिथि लामिछानेले भन्नुभयो, समग्रको कार्यक्रम सारै राम्रो लाग्यो । आफ्ना लागि विकास आफैं गर्ने अहिलेको विकासको मोडेल यही हो । थोरै बजेटबाट धेरै कार्यक्रम र क्षमता ल्याएको छ । पारदर्शी छ । विभिन्न गाविसमा संगठित सामाजिक परिवारका प्रतिनिधिहरूले समग्रको कार्यक्रमको सकारात्मक प्रभावको बारेमा जानकारी दिएका थिए भने अन्य सहभागीहरूले सामाजिक परिवारको गठन प्रक्रिया, सा.प.मा प्रवेश गर्न के गर्नुपर्छ, सा.प. र सहकारीबीच कस्तो सम्बन्ध छ, समग्रले सा.प.मा लगानी गरेको घुम्तीकोष फिर्ता लैजान्छ कि त्यहीँ सा.प.मा स्थानान्तर हुन्छ, यो केकेमा उपयोग गरिन्छ, कस्तो खालको द्वन्द्व व्यवस्थापन वा शान्ति स्थापना समग्र/सा.प.ले गर्दै आएको छ जस्ता जिज्ञासाहरू राखेका थिए । हरेक संस्थाले छुट्टाछुट्टै समूह गठन गर्ने हो भने बैठकले नै सबै समय खान्छ, त्यसैले सबै संस्थाहरू आपसमा समन्वय गरी एउटै समयमा बैठक राखेर, मिलेर कार्यक्रम गरेमा थोरै लगानीले धेरै प्रतिफल आउने थियो भन्ने सुझाव छलफलको क्रममा दरोसँग उठेको थियो र सामाजिक परिवारको अवधारणाको महत्वपूर्ण पक्षमध्ये यो पनि एउटा रहेको कुरा जानकारी गराइएको थियो ।

यी माथि उल्लिखित हरेक सामाजिक लेखाजोखा कार्यक्रममा भएको वास्तविक खर्च विवरण त्यसै कार्यक्रमको अन्तमा सहभागीहरूलाई जानकारी गराइएको थियो ।

## वार्षिक लेखापरीक्षण सम्पन्न

समग्रको आव २०६६/६७ को लेखापरिक्षण सम्पन्न भएको छ । लेखापरीक्षण भएको आय-व्यय विवरण तथा वासलात तल प्रस्तुत गरिएको छ :

### आय-व्यय विवरण (१ श्रावण २०६६-३२ असार २०६७)

रकम रु.

| आय | अनुसूची | चालू वर्ष | गत वर्ष |
|---|---|---|---|
| कार्यक्रम अनुदान प्राप्त | | | ३७,८८,000.00 |
| बास्केट फन्ड आय | ८ | ८३,८०,८५४.६६ | |
| अन्य आय | | | ७,५२,३४३.४३ |
| **जम्मा आय (क)** | | **८३,८०,८५४.६६** | **४५,४०,३४३.४३** |
| **व्यय** | | | |
| साधारण खर्च | | | १०,१२,६८0.00 |
| कार्यक्रम खर्च | | | ३७,८९,९९२.४0 |
| ह्रास कट्टी | १ | १,२४,८७0.0२ | १,६३,0५८.0७ |
| बास्केट फन्ड खर्च | ८ | ८३,८०,८५४.६६ | |
| **जम्मा खर्च (ख)** | | **८५,0५,७२४.६८** | **४९,६५,७३0.४७** |
| | | | |
| **आम्दानी र खर्चको फरक (क - ख)** | | (१,२४,८७0.0२) | (४,२५,३८७.0४) |
| **मौज्दात वासलातमा सारिएको** | | (१,२४,८७0.0२) | (४,२५,३८७.0४) |

### वासलात (३२ असार २०६७ सम्मको)

रकम रु.

| क्र.सं. | सम्पति | | अनुसूची | चालू वर्ष | गत वर्ष |
|---|---|---|---|---|---|
| १ | **चल सम्पतिः** | | | | |
| १.१ | पेस्की तथा लिन बाँकी | | १ | २६,000.00 | १२,000.00 |
| १.२ | खप्ने सामान | | २ | | |
| १.३ | नगद तथा बैंक मौज्दात | | ३ | २०,0३,४२१.९७ | ५९,९५,४९४.0३ |
| २ | **जिल्लामा घुम्ती कोषको उपयोग** | | ४ | ९९,९५,४00.00 | ९७,५५,0८९.५४ |
| ३ | **अचल सम्पक्ति** | | | | |
| | अचल सम्पक्ति | | ५ | ६,५0,0७५.८९ | ५,१८,१४१.३१ |
| | **जम्मा सम्पति** | | | **२६७४८९७.८६** | **६२८0७२४.८८** |
| **क्र.सं.** | **कोष तथा दायित्व** | | **अनुसूची** | **चालू वर्ष** | **गतवर्ष** |
| १ | **बचत तथा जगेडा** | | | **१,0९,१२,३६0.७0** | **१,0५,४0,११५.६६** |
| १.१ | बचत | ७,८५,0२६.१२ | | | १२,१0,४१३.१६ |
| १.२ | यस वर्षमा थप | (१,२४,८७0.0२) | | | (४,२५,३८७.0४) |
| | जम्मा बचत | ६६0१५६.१0 | | | ७८५0२६.१२ |
| १.३ | घुम्ती कोष | ९,९५,४00.00 | ६.१ | | ९७,५५,0८९.५४ |
| १.४ | पूँजी जगेडा (बास्केट फन्ड सम्पत्ति) | २,५६,८0४.६0 | ६.२ | | |
| | जम्मा जगेडा | १,0२,५२,२0४.६0 | | | ९७,५५,0८९.५४ |
| २ | आयोजना कोष | | | | |
| २.२ | बास्केट फन्ड बचत | | ६.४ | ३,७२,८१७.३४ | ५0,00,000.00 |
| २.३ | अनुवन्धित कोष | | ६.५ | १,५२,४४६.00 | |
| २.४ | आन्तरीक कोष | | ६.६ | ९४५0.00 | |
| ३ | **चालू दायित्व** | | | | |
| ३.१ | सञ्चय कोष | | | १0,0९,९२१.७0 | ६,0२,७0७.१0 |
| ३.२ | साहु तथा तिर्नुपर्ने | | ७ | २,१७,९0२.१२ | १,३७,९0२.१२ |
| | **जम्मा दायित्व** | | | **१२,६७४,८९७.८६** | **१६,२८,0७२४.८८** |

# क्यामुनटारका कुमालहरूकी प्रतिनिधिः कमला



झन्डै एक वर्ष अघि समग्रका वरिष्ठ-उत्प्रेरक भरतप्रसाद श्रेष्ठ र उत्प्रेरक सानुमाया श्रेष्ठ सामाजिक परिवार गठन गर्ने सिलसिलामा गोरखाको बोर्लाङ् गा.वि.स.-८, क्यामुनटारको कुमाल बस्तीमा पुग्दा कुरा गर्न त परै जाओस् नयाँ मान्छे देखेर त्यहाँका मानिसहरू अनुहार छोपेर भागे । खेतीपातीले खान नपुग्ने यी गरिब कुमालहरू जीविकोपार्जनका लागि ज्यादुल खोलामा माछा मार्छन् र त्यसका लागि धेरै रात खोलाको किनारमा नै सुतेर बिताउँछन् । राति खोलाले बगाएर कतिको त ज्यान पनि गएको छ । यिनका बालबालिकाहरू पनि खोलातिरै माछा मारेरै दिन बिताउँछन्, स्कुल गएर पढ्ने उनीहरूको दैनिकीमा नै पर्दैन । आफ्नो समुदायको विकासका लागि, हितको लागि गाविस, जिविसलगायतका राज्यका निकायहरूबाट सहयोग पाइन्छ भन्ने तिनीहरूलाई पत्तै छैन ।

समग्रसँग परिचित पानमैया कुमालले सम्झाएपछि उनीहरू सामाजिक परिवारको रूपमा संगठित हुन राजी भए, फूलबारी सामाजिक परिवार गठन भयो र त्यसको अध्यक्ष भइन् दुई छोरा र दुई छोरीकी आमा कमला कुमाल । समग्रले सामाजिक परिवारमार्फत सञ्चालन गरेका चेतना तथा क्षमता अभिवृद्धि क्रियाकलापहरूबाट उनीलगायत अन्य कुमाल महिला-पुरुषहरू विस्तारै सशक्त हुन थाले । नयाँ मानिस देख्दा बोल्न डराउने कमला गोरखा बजार पुगेर जिल्लाका सरकारी तथा गैरसरकारी कार्यालयका प्रमुखहरू तथा अन्य थुप्रै सहभागीहरू भएको सार्वजनिक (सामाजिक लेखाजोखा) कार्यक्रममा निर्धक्कसँग आफ्ना प्रगतिका कुराहरू यसरी सुनाउँदै थिइन्, "हामी त सबैभन्दा गरिब खोलमा माछा मारेर जीविका चलाउनेमा पर्छौं । अहिले सामाजिक परिवारमा संगठित भएका छौं । आवाज उठाउन सक्ने, यहाँ आएर बोल्न सक्ने भएका छौं । चर्पी बनाएर त्यसमा दिसापिसाब गर्न थालेका छौं । सरसफाइमा ध्यान दिने भएका छौं । बालबालिकालाई स्कुल पठाउन थालेका छौं । समग्रको कार्यक्रमबाट हाम्रो क्षमता वृद्धि भएको छ । नजानेका कुरा सिकेकाछौं, क्षमता, ज्ञानको विकास भएको छ ।

त्यस कार्यक्रममा गाउँका महिलाहरूको अत्यधिक उपस्थिति देखेर समग्रले महिलाहरूका लागि मात्र काम गर्छ कि क्या हो भनेर उठेको आवाजलाई उनी यसरी जबाफ दिँदै थिइन्, "उहाँहरूले हामी महिलाहरू देखेर अन्यथा मान्नुभयो जस्तो छ । अन्यथा नलिनुस् । पहिला महिला मात्र थियौं अहिले पुरुष पनि सहभागी हुनुहुन्छ, सहयोग गर्नुहुन्छ । पुरुषको पूर्ण सहयोग पाएका छौं ।"

कहाँ कुन निकायमा के पाइन्छ, कुन अधिकारको दाबी कहाँ कसरी गर्ने भन्ने थाहा पाएर उक्त सामाजिक परिवारले खानेपानीका लागि गाविसमा रकम छुट्याउन लगाइसकेको छ । मासिक बचत कोषबाट कुखुरा तथा बाखा पालन शुरू गरी थप आयआर्जनका कार्य पनि गर्न थालेका छन् । कमलालगायत कुमाल समुदायको सशक्तीकरणको अध्याय शुरू भएको छ .... ।

नोटः-सामाजिक पविारमा आवद्ध भएका सदस्यहरूले आफ्ना अनुभव, उपलब्धी, भावियोजना र रचनात्मक कामहरूको लेख रचना पठाउनु भएमा उचित स्थान दिइनेछ ।


सम्पर्कका लागि ठेगानाः

**समग्र विकास सेवा केन्द्र**, हस्पिटल मार्ग, चाबहिल, पो.व. नं. - १३२७८, काठमाडौं,

फोन नं. ४४६९६४९, इमेलः info@samagra-nepal.org.np, वेभसाइटः www.samagra-nepal.org